नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग

# राजस्व अनुसन्धान कार्यालय

कोहलपुर, बाँके

## राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली,२०७० को नियम २६ बमोजिम यस कार्यालयबाट सिलबन्दी बोलपत्रद्वारा विभिन्न मालवस्तु लिलाम बिक्री गर्ने बारेको ७ दिने सूचना

### सूचना प्रकाशित मिति २०७६/११/०९ गते

यस कार्यालयमा विभिन्न मितिमा जफत भएका देहाय बमोजिमका मालवस्तु जे जस्तो अवस्थामा छन् ,सोही अवस्थामा सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरीने भएकाले इच्छुक फर्म, कम्पनी तथा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्नलिखित शर्तहरुको अधिनमा रहने गरी गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको छ । आफुले कबोल गरेको रकमको १० % ले हुने धरौटी बापतको रकम राष्ट्रिय वाणिज्य बैंक नेपालगन्ज बाँकेमा रहेको को.ले.नि.का. बाँकेको धरौटी खाता नं. ४१३०२०३०००००० मा कार्यालय कोड नं.३०१०५५७०१ उल्लेख गरी जम्मा गरी सोको एक प्रति सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ। साथै यो सूचना राजस्व अनुसन्धान विभागको वेब साइट www.dri.gov.np मा हेर्न सकिने छ ।

| क्र.स. | सू.द.न. | मालवस्तुको विवरण | मूल्याङ्कन समितिले कायम गरेको मूल्य (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| १. | १९-०७२/०७३ | ECO 105 -१० थान , BOLD-२ थान, G3 -४ थान, NEO+FM-२ थान , STAR 16GB-१ थान, SPEED HD-१ थान र Y2- १ थान मोबाईलहरु | रु.२२८००/- |
| २. | २२-०७३/०७४ | ग्याँस चुलो- १६ थान | रु.२२८००/- |
| ३. | २६-०७३/०७४ | चश्मा- ७८ थान | रु.१४२५०/- |
| ४. | ३७-०७३/०७४ | लेडिज सुट- ११२ पिस | रु.३१९२०/- |
| ५. | ४५-०७३/०७४ | लेडिज सुट- १०० पिस | रु.३९९००/- |
| ६. | ५१-०७३/०७४ | रातो गोलाकार टोपी- ४९० थान र टिसर्ट-५५ थान | रु.२०२३५/- |
| ७. | ६७-०७४/०७५ | जुत्ता सेन्थैटिक- ८० जोर, लेडिज सुज-२४ जोर, बच्चाको जुत्ता-४० जोर, स्पोर्ट सुज राम्रो ४० जोर, स्पोर्ट सुज साधारण-९० जोर र बच्चाको चप्पल-३८४ जोर | रु.८८४०७/- |
| ८. | ४१-०७५/०७६ | Switch cluch-४० पिस, Metre Assy- २ पिस, Block Piston-४ पिस, Clutch male-२ पिस , Clutch female-४ पिस, Disc brake pad-४ पिस, Side Stand-१०० पिस, Chain Sprocket-५ पिस, Air filter-१ पिस , Timing clean tester-७ पिस, Side stand patti-१० पिस, Handle Kotha-१ पिस, Engine Head-१ पिस, र Nut bolts- ६४ प्याकेट | रु.४१०३४/- |
| ९. | ४२-०७५/०७६ | साईकल पुरानो २ थान | रु.१६००/- |
| १०. | ५१-०७५/०७६ | कुर्ता सुरुवाल-१२५ पिस, कुर्ता-२९९ पिस, सल-१८० पिस र लेगिज- २० पिस | रु.८६०८५/- |
| ११. | १५-०७६/०७७ | कुर्ता सुरुवाल-१४० पिस, प्रिन्ट कपडा-४७० मि.र बच्चाको फ्रक सेन्डो-२४ पिस | रु.९७९४३/- |
| १२. | २५-०७६/०७७ | युरिया मल- १७७५ के.जी. | रु ४७३८५/- |
| १३. | २७-०७६/०७७ | ठुलो साईजको अलादिन सुरुवाल-३५८ पिस, मेडियम साईजको अलादिन सुरुवाल-९५ पिस, सानो साईजको अलादिन सुरुवाल-६६ पिस, हाफ साईजको अलादिन सुरुवाल-३५ पिस, ठुलो साईजको प्लाजो सुरुवाल-५२ पिस, सानो साईजको प्लाजो सुरुवाल-११६ पिस, लेडिज टिसर्ट-३० पिस र हाफ कट्टु-३० पिस | रु.१७८२००/- |
| १४. | २८-०७६/०७७ | लेडिज सुट-८३ पिस | रु.३९२१८/- |
| १५. | २९-०७६/०७७ | चिनी- १५५ के.जी. | रु.६३९०/- |
| १६. | ३१-०७६/०७७ | कुर्ति- १०४ पिस, लेडिज सुट-१४४ पिस, सुति साडी-२३ पिस, उलन लेडिज सुट- ९ पिस, उलन सल-८ पिस, चुन्नी- १८ पिस, ब्रा -२ दर्जन, सुतिको लेडिज सुट-१५३ पिस, पर्दा कपडा-२० मि. , सिरकको खोल-४ पिस,अस्तर कपडा-२५.५ मि. , नेट कपडा- ७ मि. , रिलेक्स कट्टु ९० से.मी.-१२८ पिस, रिलेक्स कट्टु ८५ से.मी.-१०४ पिस, कुर्ता बनाउने कपडा-७४ मि. , डबल बेडसिट तकिया खोल- २ सेट, सुटिङ्गसटिङ्ग कपडा नेपाली- २५.८ मि. , ७*८ को तन्ना- ५ पिस, सिंगल बेड तन्ना- ५८ पिस, जेन्टस कट्टु ८५ से.मी.- १५ पिस, सर्ट -१० पिस, बेबी सेन्डो-६ पिस, सिरकको खोल तयारी-७६ पिस, बनारसी टाईप साडी- ५३ पिस, धोती-१८ पिस, फ्रक सानो -१ पिस र लेहंगाचोली-३ पिस | रु.२७००७८/- |

| | | | |
|---|---|---|---|
| १७. | ३३-०७६/०७७ | हटकेस-११ पिस, मिक्चर-२ पिस, ग्लास ६ पिसको- ४ सेट, कप ६ पिसको- १६ सेट, गहना राख्ने डब्बा ठूलो -५३ पिस, टिफिन डिब्बा-९ पिस, भाँडा राख्ने स्टील दराज- ४ पिस, चुरा-१२४ दर्जन, गहना राख्ने डिब्बा मेडियम-८४ पिस, गहना राख्ने डिब्बा सानो-१०० पिस, प्लास्टिक बाटा-६ के.जी. , प्लास्टिक डिब्बा-६ के.जी. , पोलिथिन ब्याग- ७३ के.जी. , स्क्रु- ५ के.जी. , कब्जा- २२.५ के.जी. , Arkon Butyl tubes(2.75/3.00-18)- २० पिस, Seveno Butyl tubes(145/70R12)- १५ पिस, Seveno Butyl tubes(7.00-15) - २० पिस र Seveno Butyl tubes(10.00*20)- ८ पिस | रु.६०८५०/- |
| १८. | ३६-०७६/०७७ | लेडिज सुट- १९२० पिस | १८१८३६१/- |
| १९. | ४२-०७६/०७७ | उनि स्वीटर- ३१ थान ,कुर्ता सुरुवाल- ५ थान , बच्चाको स्वीटर - २० थान, उनी कुर्ता - १५ थान, उनी अन्डर ट्राउजर - ९ थान | ४८९५१/- |
| २०. | ४४-०७६/०७७ | 4T premium Engine Oil-90(1.15 ltr),Back Light -2 pcs ,Looking Glass 72 pair, | ५२२५९/- |
| २१. | ४५-०७६/०७७ | पाईन्टको काँचो कपडा -८५७ मि. | ५०६८२७/- |
| २२ | ५४-०७६/०७७ | काचो कुर्ता सुरुवाल कपडा -३१ पीस, जेन्स कोटपाईन्टको कपडा -१४४ मि., जेन्स कोटपाईन्टको कपडा प्लाष्टीक भित्र प्याक भएको -२१६ मि. | २३८७७८/- |

**सिलबन्दी बोलपत्र फारम सम्बन्धी सर्तहरु:**

१. बोलपत्रसम्बन्धी कागजातहरु खरिद गर्न निवेदन साथ नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.कर तथा आयकरमा दर्ता भएको दर्ता प्रमाणपत्र र आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति सहित न्यूनतम मूल्य रु. १ लाखसम्मको लागि रु.३००/- र रु. १ लाख भन्दामाथी १० लाखसम्मको लागि रु.१०००/- तथा १० लाख भन्दा माथिको रु.२०००/- फिर्ता नहुने गरी यस कार्यालयको आर्थिक प्रशासन शाखामा बुझाएको रसिद संलग्न गरी यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र खरिद गर्न सकिने छ । अन्त:शुल्क लाग्ने पदार्थको हकमा दर्ता प्रमाणपत्रको छायाँप्रति पेश गर्नु पर्नेछ ।

२. आफूले कबोल गरेको रकम अंक र अक्षरमा खुल्ने गरी स्पष्ट रुपमा नेपाली भाषामा उल्लेख गर्नुपर्नेछ । सच्याइएको वा केरमेट गरेमा सो स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिईनेछ । कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

३. प्रत्येक सू.द.नं. को छुट्टाछुट्टै बोलपत्र खरिद गरी उक्त बोलपत्र खामभित्र राखी खाममा सिलछाँप समेत लगाई पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फाराम भएको खाम बाहिर बोलपत्र सू.द.नं. र बोलपत्रदाताको नाम ठेगाना उल्लेख गर्नुपर्नेछ ।

५. खरिद गरिएका बोलपत्र सूचना प्रकाशित भएको मितिले ८ औ दिनको अपरान्ह १२:०० बजेसम्म यस कार्यालयमा (सो दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेका दिन) मा दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु सोहि दिन दिउँसो १५:०० बजे बोलपत्रदाता र अन्य कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ । निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ ।

६. बोलपत्र स्विकृत भएको मितिले ७ दिनभित्र अफूले कबोल गरेको मालवस्तुको मूल्य र सोमा प्रचलित नियमानुसार लाग्ने मु.अ.कर तथा अन्त:शुल्क रकम समेत बुझाई उठाइ लैजानु पर्नेछ । बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरी जानकारी गराईनेछ ।

७. कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि कबोल गर्नेले ७ दिन भित्र आफूले कबोल गरेको रकम र सोमा लाग्ने कर समेत बुझाई मालवस्तु उठाइ नलगेमा न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमश: दोश्रो,तेश्रो र चौथो घटिवालाको कबोल अंक स्वीकृत गरीनेछ र बोलपत्र कबोल गरी म्याद भित्र सामान नउठाउने बोलपत्रदाताको धरौटी रकम जफत गरी पुन: लिलामको कारवाही अगाडी बढाईनेछ ।

८. बोलपत्रसम्बन्धी कागजातहरु खरिद गर्नेहरुले मालवस्तु हेर्न चाहेमा कार्यालय समयमा यस कार्यालयको गोदाम शाखामा सम्पर्क गरी हेर्न तथा बुझ्न सकिनेछ ।

९. यस सम्बन्धी अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।